वर्ष : २०, अंक : ०३, काठमाडौं, २०८१ बैशाख २१ गते शुक्रबार, 3 May, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## आगलागी पीडितका लागि मधेश सरकारले राहतको प्याकेज घोषणा गर्ने



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले महोत्तरीको मटिहानी ६ स्थित आगलग्गी प्रभावित क्षेत्रको शनिबार स्थलगत निरीक्षण गरेका छन् । प्रधामन्त्रीको अध्यक्षतामा भएको बैठकमा सहभागी हुन काठमाडौ पुगेका मुख्यमन्त्री यादव जनकपुर फर्किए लगतै मटिहानी पुगी आगलग्गी प्रभावित क्षेत्रको निरीक्षणका साथै पीडित परिवारहरु अवस्थाबारे जानकारी लिएका हुन् ।

पीडित परिवारहरुसँग कुरा गर्दै मुख्यमन्त्री यादवले क्षतिको यकिन विवरण पठाउन जिल्ला विपद व्यवस्थापन समितिलाई निर्देशन दिई सकिएको र विवरण प्राप्त भए लगतै प्रदेश सरकारबाट ठोस राहत प्याकेज घोषणा गरिने प्रतिवद्धता व्यक्त गरेका छन् ।

प्रदेश सरकार जनताको सरकार रहेको उल्लेख गर्दै उनले जिल्ला विपद व्यवस्थापन समितिको समन्वयमा तत्कालिक राहत प्याकेज वितरणमा कुनै समस्या नरहेको हुँदा ठोस राहतका लागि छिट्टै प्याकेज घोषणा हुने बताए ।

बैशाख १२ गते मटिहानी नपा वडा नं. ६ मा भएको भिषण आगलग्गी बाट एक सयभन्दा बढी घर जलेको थियो ।

# मधेशमा दिनहुँ आगलागी : रोकथामप्रति सरकार अनुदार

**मधेशवाणी डेस्क**

काठमाडौं । केही दिन यता तराई-मधेशका विभिन्न जिल्लामा आगलागीका घटनाहरु भइरहेका छन् । तराई-मधेशमा आगलागी, बाढीपहिरो, खडेरी लगायतका प्राकृतिक प्रकोपहरु कुनै नयाँ घटना हो । वर्षेनी तराई-मधेशका जनता यस्ता प्राकृतिक विपदाहरुबाट पीडित हुँदै आएको छ । वैशाख दोस्रो सातायता महोत्तरीमा आगलागीका घटना दिनहुँजसो हुन थालेका छन् । पछिल्ला १० दिनमा जिल्लाका विभिन्न ठाउँमा भएका आगलागीले करोडौँको क्षति भएको छ ।



वैशाख दोस्रो साताको प्रारम्भमै मटिहानीको एउटा फर्निचर उद्योगमा भएको आगलागीले ३० लाख रुपैयाँ बढीको क्षति गरेको एक साता नपुग्दै मटिहानी-६ जरलहवागाछी टोलको १ सय १० घर खरानी पार्ने घटनाले अझै त्यहाँका बासिन्दा बौरिन सकेका छैनन् ।

गत बुधबारको भएको उक्त घटनाको भोलिपल्टै मटिहानी-९ सिमरदहीमा एउटा इलेक्ट्रोनिक पसलमा भएको आगलागीको घटनामा पसलका सरसामान जलेर नष्ट भएका छन् । त्यसअघि गत मंगलबार बलवाको बगडाको फर्निचर उद्योगमा आगलागी भएको थियो ।

पछिल्लो पटक आइतबार दिउँसो जिल्लाको गौशाला-२ कठुधारमा फेरि आगलागी भएको छ। सो बस्तीका सद्दाम नदाफ धोबी र निजकै भाइ मन्सुर नदाफको घर आगोले खरानी बनाएको छ । पछिल्लो यो घटनामा घरमा राखिएका अन्नपात, लत्ताकपडा, भाँडाकुँडा र अन्य सरसामानसहित १० लाख रुपैयाँको क्षति भएको इलाका प्रहरी

*बाँकी पृष्ठ २ मा*

# आजपा र समाजवादी जनएकताबीच एकता

काठमाडौं । आम जनता पार्टी (आजपा) र समाजवादी जनएकता पार्टी नेपालबीच पार्टी एकता भएको छ । शनिबार काठमाडौंको बुद्धनगरमा आयोजित पार्टी एकीकरण घोषणा सभामा दुई पार्टीका बीचमा एकताको घोषणा भएको हो ।




पार्टी एकीकरण पश्चात नयाँ पार्टीको नाम आजपा नै रहने भएको छ । पार्टीको अध्यक्ष प्रभु साह रहने सहमती भएको छ । आजपा अध्यक्ष प्रभु साह र समाजवादी जनएकता पार्टी नेपालका संयोजक नारायण श्रेष्ठले पार्टी एकताको आधारपत्रमा हस्ताक्षर गरेका हुन् ।

'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबारेको बुझाई, आम जनजीविकाका सवालहरू तथा शोषित, दमित र उत्पीडित वर्ग एवं समुदायका हकहितको विषय सँगसँगै नेपालको अग्रगामी आन्दोलनमा गुणात्मक विकासको अपरिहार्यता जस्ता महत्वपूर्ण क्षेत्रहरुमा आधारभूत रूपमा हेर्दा हाम्रा बुझाई एवं दृष्टिकोणहरुमा एकरूपता विद्यमान रहेको निचोडमा पुग्यौं' दुई पार्टी बीचमा एकता पश्चात जारी आधारपत्रमा उल्लेख गरिएको छ ।

दुई पार्टीका बीचमा पछिल्लो समय पार्टी एकीकरणका लागि आन्तरिक रुपमा छलफल चलिरहेको थियो । दुबै पार्टीका नेताहरु पार्टीको नीति, कार्यक्रम, विचार, सिद्धान्त लगायतका बिषयमा एकरुपता रहेकाले पार्टी एकीकरण गर्नुपर्ने निष्कर्षमा पुगेका हुन् ।

'नेपालमा विद्यमान दलीय शासन प्रणाली, दलभित्र ठुलो दलको सिन्डिकेट र ठुलो दलभित्र पनि निश्चित गुट नेता र आसेपासेहरुको शासनले लोकतन्त्र सिर्फ देखाउने दाँत भएको र आम जनता लाचार भई शोसित हुनुपरेको यो बिडम्बनापूर्ण परिस्थितिलाई चिर्दै आम जनताको वास्तविक शासन सत्ता ल्याउन तेस्रो जनआन्दोलनको अपरिहार्य आवश्यकता रहेकोले यसका निम्त सम्पूर्ण देशभक्त, प्रगतिशील अग्रगामी शक्तिहरु एकजुट भएर अगाडि बढ्नुपर्ने निष्कर्षमा पुग्यौं' जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

यसैगरी दुई पार्टीका बीचमा पछिल्लो समय विश्वभर सूचना प्रविधिमा आएको अद्भुत क्रान्ति तथा सम्राज्यवादीहरुको गुरु योजना अनुरूप नेपालमा विकसित भगौडा दलाल पूँजीपति वर्गको वर्चस्वले देश उजाड़ एवं बर्बाद भैरहेको सन्दर्भमा राज्यको लुटकारी चरित्रबाट मुक्ति दिलाउन यसको शशक्त प्रतिवाद गर्ने सहमती समेत भएको छ ।

# नागरिक उन्मुक्ति पार्टी व्यापारीकरण भयो : महतो

काठमाडौं । नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले नागरिक उन्मुक्ति पार्टी व्यापारीकरण भएको आरोप लगाएका छन् । उनले नागरिक उन्मुक्ति पार्टी व्यापारीकरणमा परिणत भएकोले सो पार्टीसँग एकता भंग गरी नेसपा पुन: आफ्नो गतिविधि अगाडि बताएका हुन् ।



नेसपाले बिहीबार काठमाडौंस्थित मधेश मिडिया हाउसमा पत्रकार सम्मेलन गरी अध्यक्ष महतोले नागरिक उन्मुक्ति पार्टीसँग जुन उद्देश्य, मुद्दा र सहमतिका एकीकरण भएको थियो त्यसअनुसार चल्न नसकेको उनको आरोप थियो ।

नागरिक उन्मुक्ति पार्टी र नेपाल सद्भावना पार्टीबीच गत साउन २० गने एकीकरण घोषणा भएको थियो । नाउपाको गत पुसमा टीकापुरमा भएको राष्ट्रिय महाधिवेशनमा आफ्ना नेता कार्यकर्तासँग करोडौं रुपैयाँ असुलेको आरोप लगाउँदै अध्यक्ष महतोले भने, 'महाधिवेशनमा नाउपाले करोडौं रुपैयाँ उठाएको छ । हिसाब दिने बेलामा श्रीमान-श्रीमतिले विभिन्न बहाना बनाएर पार्टीलाई ने समाप्त पार्ने अवस्थामा हामीले यही बैशाख ३ गते त्यो एकतालाई भंग गरेर नेपाल सद्भावना पार्टी अलग भइसकेको छ ।'

नेपाल सद्भावना पार्टी अब आफ्नै गतिविधि सञ्चालन गर्ने अध्यक्ष महतोले जानकारी दिएका छन् । साथै उनले नेसपाको केन्द्रीय कार्यकारिणी समितिले गरेका निर्णयहरुसमेत सार्वजनिक गरेका थिए ।



## सम्पादकीय

# चुरे क्षेत्र संरक्षण गरौं

नेपालभित्र चुरे क्षेत्रले पूर्वको इलामदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्म ३३ जिल्लाका केहि न केहि भूभागलाई ओगटेको छ । भूगर्भविको अध्ययन अनुसार करिब चार करोड वर्षअघि हिमालय उत्पत्तिका क्रममा ग्रेगर र थेगर थुप्रिएर चुरे क्षेत्र निर्माण भएको हो । उत्तरबाट हिउँ पग्लेर बग्दै आउने नदी महाभारत क्षेत्र हुदै अन्तिममा चुरे बाट तराईतिर बग्छन् । त्यसैले पनि यो कमलो ढुङ्गामाटोले बनेको क्षेत्र पर्यावरणीय दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ । चुरेको फेदीमा नदीले बगाएर ल्याएका ढुंगा, गिट्टी, बालुवा र कंकडले बनेको भावर क्षेत्रको समथर भूभाग छ । यसले दक्षिणी समथर तराईका लागि पानी सञ्चित गरी भूमिगत जल भण्डारणमा महत्वपूर्ण भूमिका खेल्छ । चुरे क्षेत्रले जम्मा जंगलको ७३ प्रतिशत भूभाग पनि ओगटेको छ ।

चुरे क्षेत्र जैविक, वातावरणीय र आर्थिक हिसाबले अति नै महत्वपूर्ण छ । चुरेले तराईको कृषियोग्य भूमि संरक्षण र उत्पादन वृद्धिमा योगदान गरेको छ । बाढीका बेला पानीको सतह नियन्त्रणमा यसको भूमिका अतुलनीय छ । चुरे अमूल्य वन स्रोतको पनि आधार हो । यस क्षेत्रमा पाइने जडीबुटीहरू अथाह छन् । असंख्य वन्यजन्तु र चराचुरूंगीको बासस्थान पनि हो चुरे । यस क्षेत्रमा उल्लेख्य रूपमा मानव बसोबास पनि छ । धेरैजसो बाढीपहिरो र अन्य प्राकृतिक प्रकोपबाट पीडित हुनेहरू यहि क्षेत्रमा छन् ।

चुरे पहाड अन्तर्गतको भावर क्षेत्रबाट पानीको पुनर्भरण भई तराईको उर्वराभूमीका लागि सिँचाइ तथा खानेपानीको स्रोत चुरे क्षेत्र रहेको छ जहाँ देशकै झन्डै ५० प्रतिशत जनता उक्त पानीमा आश्रित रहेका र नेपालको ८० प्रतिशतभन्दा बढी खाद्यान्नको भण्डारलाई उक्त पानीले सिँचाइ सेवा उपलब्ध गराएको छ । चुरे क्षेत्रको संवेदनशीलतालाई मध्यनजर गर्दै नेपाल सरकारले चौथो पञ्चवर्षीय योजना (१९७०-१९७५) देखि नै यसको संरक्षणलाई महत्त्व दिँदै आएको थियो तापनि आर्थिक वर्ष २०६६/०६७ को नेपाल सरकारको नीति तथा कार्यक्रममा प्रथम राष्ट्रपति डा. रामवरण यादवले चुरेको विनाशमा चिन्ता व्यक्त गर्दै चुरे संरक्षणमा जोड दिएपछि चुरे संरक्षण कार्यमा कार्यक्रमले मुर्त रूप पाएको हो ।

आर्थिक वर्ष २०६७/०६८ देखि राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा 'राष्ट्रपति चुरे संरक्षण कार्यक्रम' वन तथा भू-संरक्षण मन्त्रालय मार्फत सञ्चालन हुँदै आएक पनि आशातीत प्रगति हासिल गर्न सकेको छैन । चुरे विनाशबाट सिर्जित भएका वा हुनसक्ने सम्भावित नकारात्मक असरलाई समेत न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरिएको छ ।

तराई-मधेशलाई मरूभूमीकरण हुनबाट जोगाउन राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति गठन गरिए पनि सरकार फेरिएपिच्छे दलीय आस्थाका आधारमा पदाधिकारी परिवर्तन गर्ने चलन बसाइएको छ । विकास समितिमा वनमन्त्रीकै दलका कार्यकर्ता नियुक्त गरिंदैछ । चुरे संरक्षण प्राविधिक विषय भएकोले सम्बन्धित क्षेत्रका विज्ञहरू नआए जागीर खाने ठाउँ मात्र बनेको छ । देश संघीयतामा प्रवेश गरिसकेको छ । अबको व्यवस्थामा चुरे कार्यक्रमको कार्यान्वयनमा स्थानीय निकायको जिम्मेवारी बढी हुन्छ । चुरे कार्यक्रमको भावना र संवेदनशीलतालाई बुझेर कार्यक्रम कार्यान्वयन गराउन स्थानीय निकाय प्राविधिक रूपले बलियो हुन जरूरी छ । स्थानीय निकायले आफ्नो दक्षता सिद्ध गरी संरक्षणका क्रियाकलापहरू सञ्चालन गर्न सके मात्र चुरे संरक्षण कार्यक्रमले लिएको लक्ष्य पुरा हुने देखिन्छ ।

स्थानीय निकाय, राजनीतिक दल र सरोकारवाला निकायहरूबीच अन्तरक्रियाको साथै संरक्षणको लागि प्रतिबद्धता र ईमान्दारिता पनि उत्तिकै महत्वपूर्ण छ । संरक्षणको हरेक खुड्किलाहरूमा सुशासनको प्रत्याभूति पनि उत्तिकै जरूरी छ तब मात्र हामीले चुरे क्षेत्रको संरक्षण र चुरेबासीलाई जीविकोपार्जनको अवसरको सृजना गरी उनीहरूको भविष्यलाई सुनिश्चित गर्दै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्छौं ।

## मधेशमा...

कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोजकुमार यादवले बताए ।

महोत्तरीसहितका मधेसमा बर्सेनि गर्मी चढ्दै गएपछि आगलागीका घटना हुँदै आएका छन् । ती घटना पनि अधिकांश सजगताको कमीले नै हुने गरेको पाइएको सरोकारवाला निकायको अनुभव छ । कुनैकुनै घटना विद्युत् चुहिएर (विद्युत् सर्ट भएर) र कदाचित संघर्षबाट हुने भए पनि यता हुने धेरैजसो आगलागी घरको आगो र प्रज्वलनशील वस्तुको ठीक व्यवस्थापन नगरिँदा नै भएका रेडक्रस महोत्तरी शाखाका सभापति दिपक मिश्रको विगत अनुभव छ ।

'हामी त यस्ता विपद्का बेला कारण खोज्दैनौं, सकेको राहत उद्धारमा लाग्छौं, तर पछि घटनाका कारण खोतल्दा घरको आगो (खाना पकाउन बालिएको) राम्ररी व्यवस्थापन नगरिँदा, बाटो हिँड्ने ननिभाइ मिल्काएका बिँडी/चुरोटका ठुटाबाट सल्कँदा र प्रज्वलनशील वस्तु (सलाइ, लाइटर) ससाना नानीले खेलाउँदा भएको पाइन्छ', मिश्र भन्नुहुन्छ, 'आपत्का बेला यस्ता पक्ष नउप्काइए पनि यी वास्तवमा लापरवाही नै हुन् ।'

मौसमअनुसार यी कुरामा राम्रो ध्यान पुऱ्याउन सके घटना न्यूनीकरण हुने मिश्रको ठम्याइ छ । आगलागी नियन्त्रण गर्न मुख्यरुपले स्थानीय तहका वडा समितिले बस्तीभित्रका सामाजिक संघसंस्था, राजनीतिक दल र अन्य सरोकारवालालाई समावेश गरेर सचेतनामूलक घुम्ती प्रचार गर्नपर्ने कतिपयको सुझाव छ ।

प्रत्येक नयाँ वर्षअघि वडाका बस्तीमा पालैपालो ५/७ दिन घरघरै जस्तो आगो व्यवस्थापनबारे सचेतना दिँदै कतै लापरवाही भेटिए त्यसैअनुसारको नसियत (सजाय, जरिवाना) तिराइए पूर्वसजगता बढ्ने सूर्योदय सांस्कृतिक क्लव भंगाहा-४ रामनगरका पूर्वध्यक्ष गोपालप्रसाद श्रेष्ठको सुझाव छ ।

मधेशमा हुने यस्ता प्राकृतिक विपदलाई न्यूनीकरणका लागि सरकारको कुनै ठोस योजना वा कार्यनीति देखिएको छैन । अहिले विद्यमान तीन तहको सरकारले समन्वय र सहकार्य गरी ठोस रणनीति बनाई आगामी दिनमा हुने यस्ता विपदबाट नागरिकलाई बचाउनुपर्ने आवश्यकता छ ।

# श्रमिक दिवस : राजनीति गर्ने प्रयोगशाला



अजय कुमार झा

साहित्यकार मुंशी प्रेमचंदले भनेका छन् - अरूको श्रममा मोटाउने अधिकार कसैलाई छैन । उपजीवी भएर बाँच्नु ठूलो लज्जाको कुरो हो । कर्म नै प्राणीको धर्म हो ।

अर्थात् कर्म भनेको प्राणी मात्रले गर्नैपर्ने कर्तव्य हो । कर्म भन्नुको अर्थ वैयक्तिक रूपमा गरिने नित्य कर्म होइन, अर्थोपार्जन अर्थात् आर्थिक उत्पादनसँग छ । एकले श्रम गर्ने र त्यसै श्रमको मूल्यमाथि अर्कोले रजाइँ गर्ने कार्य गर्नुहुँदैन । त्यसैले उनले भनेका हुन् कि अरूको श्रममा मोटाउने अधिकार कसैलाई हुँदैन । तर यहाँ यस्तै भइरहेको छ । श्रम गर्नेले कम खान पाइरहेका छन् र श्रमिकका मालिक भनिनेहरूले धेरै खाइरहेका छन् । श्रमिक अपर्याप्त भोजनका कारण दुब्लाउँदै जान्छन् र मालिक अत्यधिक भोजनका कारण मोटाउँदै । त्यतिबेलाको सामाजिक-आर्थिक अवस्थामा सान्दर्भिक भएरै प्रेमचंदको उपर्युक्त भनाइ आएको थियो र उनको त्यो भनाइ वर्तमान परिस्थितिमा पनि असान्दर्भिक भएको छैन । यद्यपि त्यस परिस्थितिमा केही सुधार त अवश्य पनि भएको छ ।

मुंशी प्रेमचंदको समयभन्दा शताब्दीअघि जन्मेका दार्शनिक कार्ल मार्क्सको समयमा श्रम र श्रमिकको स्थितिले झन् धेरै विकराल अवस्थाको सामना गरिरहेको थियो । फलतः उनले आर्थिक समाजलाई नै दुई हिस्सामा विभाजित गरिदिए । समाजका ती दुई हिस्साबीचको द्वन्द्वलाई सामुन्ने ल्याएर वर्ग संघर्षको नाम दिएर गतिशील बनाइदिए । त्यसै संघर्षको बलमा श्रमिकको जीवनमा सकारात्मक परिणामहरू देखा पर्दै गए । मार्क्सले देखाएको वर्गविहीन समाजको सपना र त्यसको उपायकै कारण श्रम आन्दोलनले दिन पर दिन उचाइ प्राप्त गर्दै गएको छ ।

हुन त परिवर्तनको गति निकै सुस्त छ । गति सुस्तताको कारण पनि मार्क्सकै अनुयायी र अभियन्ताहरू हुन् । श्रम आन्दोलनको नारा दिने तर आन्दोलनको ढोका नखोल्ने राजनीतिक प्रवृत्तिको कारणले नेपालमा श्रम आन्दोलनले अपेक्षित परिणाम प्राप्त गर्न सकेको छैन । श्रम आन्दोलनको यो हविगत आर्थिक विकासमा पछि परेका नेपाल मात्र होइन, संसारका सबै गरिब मुलुकको यस्तै छ ।

अन्तर्राष्ट्रिय श्रमिक दिवस अर्थात् मई दिवस, प्रत्येक रोमन वर्षको मई १ तारिखका दिन मनाइन्छ । सरकारले सार्वजनिक बिदाको घोषणा गर्दछ र श्रमजीवीहरूले उत्सव मनाउँछन् । मई दिवस श्रम दिवसको रूपमा पश्चिमबाटै पूर्वतिर सरेको हो, तर पश्चिमाहरूले मई दिवस भनेर बसन्त ऋतु-पर्व अर्थात् केल्ट महोत्सवको रूपमा मनाउनुका साथै खासगरी इसाईहरूले मई १ लाई धार्मिक पर्वको रूपमा पनि समर्पित गरेका छन् । तर यस आलेखमा मई दिवस भनेर अन्तर्राष्ट्रिय श्रमिक दिवस वा श्रम दिवसको रूपमा बुझिएको छ । अंग्रेजीमा यसलाई मई डे, लेवर डे भन्दा वर्कर्स डे भन्न बढी रुचाएको पाइन्छ ।

नेपाल, भारतलगायत ८० भन्दा बढी मुलुकमा यो दिवस मईको पहिलो तारिखमा मनाइन्छ । यसको पछाडि यो तर्क दिइन्छ कि यो दिन अन्तर्राष्ट्रिय श्रमिक दिवसको रूपमा प्रमाणित भइसकेको छ । तथापि अमेरिका र उत्तरी अमेरिकाका केही देशहरूमा श्रमिक दिवस अलग्गै दिनमा मनाउने गरिएको पाइन्छ ।

श्रमिक दिवस सबै पक्षको सरोकारको विषय भए पनि यसको समारोहको आयोजनामा ट्रेड युनियन तथा समाजवादी राजनीतिक समूहहरूको बढी चासो पाइन्छ । यो श्रमजीवी वर्गको उपलब्धि र देशको विकासमा उनीहरूको योगदानको अभिनन्दन गर्ने दिन हो । यो दिन श्रमिकको सम्मान, उनीहरूको एकता र हकको समर्थनमा मनाइन्छ । ट्रेड युनियनसँग सम्बन्धित व्यक्तिहरूले ऱ्याली र सभाको आयोजन र आफ्नो अधिकारका लागि आवाज बुलन्द गर्दछन् ।

श्रमिकको अर्थ सधैं गरिबीसँग हुँदैन, श्रमिक एक मध्यम वर्गीय व्यक्ति वा धनी व्यक्ति पनि हुन सक्छन् । श्रमिक पुरुष मात्र होइन, महिला पनि हुन सक्छन् । श्रमिक वयस्क मात्र होइन, बच्चा र वृद्ध पनि हुने गर्दछन् । बाल श्रम यद्यपि निषेध कार्य हो तथापि बाल श्रमबाट संसार मुक्त हुनसकेको छैन र बाल श्रमिकहरूको मुक्ति र हितका लागि अनेक प्रयास भइरहेका देखिन्छन् ।

वृद्ध व्यक्तिबाट श्रम गराउनु नैतिक विषय हुन सक्दैन तथापि परिस्थितिहरूले वृद्ध श्रमलाई बाध्य गराइरहेको पाइन्छ । श्रमिक निजी क्षेत्रमा मात्र होइन, सार्वजनिक क्षेत्रमा पनि हुन्छन् । श्रम शारीरिक मात्र होइन, मानसिक पनि हुन्छ । नेपालको संविधान, २०७२ को धारा ३४ ले श्रमिकको परिभाषा गरेको छ । जस अनुसार श्रमिक भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा श्रमिक सम्झनुपर्छ भनिएको छ ।

हाम्रो समाजमा श्रमिक वर्गलाई सदैव गरिब मानिस नै ठानिन्छ । घाममा पसिनाले लतपत कठिन र कठोर काम गरिरहेको दुब्लो पातलो व्यक्तिलाई नै श्रमिक ठानिन्छ । श्रमिक समाजको एकाइ हो, कुनै पनि संस्थाको सफलताको अभिन्न अंग हो । चाहे त्यो ईंटा र गारोमा टाँसिएको मानिस होस् वा कार्यालयमा फाइलहरूको बोझमुनि पिल्सिएको कर्मचारी । त्यो मानिस, जो कुनै संस्थाको लागि काम गर्दछ र त्यसको सट्टा ज्याला प्राप्त गर्दछ, त्यो श्रमिक हो ।

आज देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागू छ । संविधानको प्रस्तावनामा प्रयुक्त अनेकौं शब्दले श्रमप्रति सम्मानको भाव व्यक्त गर्दछन् । संविधानको धारा १७ ले नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता प्रदान गरेको छ । धारा २९ ले प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक प्रदान गरेको छ । कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन

महात्मा गान्धीले भनेका थिए कि कुनै पनि राष्ट्रको समृद्धि त्यस राष्ट्रको श्रमिक र किसानमाथि निर्भर गर्दछ । कुनै पनि संस्था वा उद्योगमा उद्योगपति, मालिक वा प्रबन्धकको भूमिका ठीक त्यस्तै हुन्छ, जस्तो कि कुनै राष्ट्रमा सरकारको हुन्छ । अर्थात् जस्तो कि राष्ट्रमा कुनै सरकार त्यस राष्ट्रको विकासको लागि योजना बनाउँछ तर त्यसलाई क्रियान्वित गर्ने काम कर्मचारीले गर्दछ । कुनै उद्योग वा संस्थामा योजना बनाउने काम त्यस उद्योग वा संस्थाको मालिक वा प्रबन्धकले गर्दछ तर त्यसलाई क्रियान्वित गर्ने काम त्यस उद्योग वा संस्थामा संलग्न कर्मचारी अर्थात् श्रमिक वर्गले गर्दछ ।

लोकतान्त्रिक ढाँचामा सरकार पनि जनताले चुनेको हुन्छ । जनताले आफ्नो देशको लगाम राजनीतिक व्यक्तिहरूलाई ट्रष्टीको रूपमा सुम्पिन्छन् । तिनीहरू श्रमिक र किसानको कल्याण र विकासको लागि प्रतिबद्ध छन्, त्यो राज्य चलाउन शान्ति र कानुनी व्यवस्था कायम राख्छन् ।

सरकारको भूमिका औद्योगिक शान्ति स्थापना गर्ने, उद्योगी र श्रमिकबीच सुखी, शान्तिपूर्ण र पारिवारिक सम्बन्ध स्थापना गर्ने, द्वन्द्वको स्थितिमा समाधान र मेलमिलापमा ल्याउने र निष्पक्ष र पारदर्शी रूपमा निष्पक्ष न्याय गर्ने हो । तिनीहरूका मुद्दाहरूमा औद्योगिक न्यायाधिकरणहरू स्थापना गर्ने र राज्यको उन्नतिको लागि समय-समयमा कानुनी र विस्तृत प्रणाली तोक्नुपर्छ ।

राज्यका सरकारहरूलाई त्यस्तो कार्य गर्ने प्रेरणा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले गर्दछ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन संयुक्त राष्ट्रसंघको एक विशिष्ट संस्था हो । यस संगठनको स्थापना पहिलो विश्वयुद्धको समाप्तिसँगै र खासगरी प्रथम विश्वयुद्धको प्रभावको रूपमा सन् १९१९ मा भएको थियो । यसको मुख्य कार्यालय स्विट्जरल्याण्डको जेनेभामा रहेको छ । हाल यसका सदस्य राष्ट्रहरूको संख्या १८७ पुगेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको आह्वानमा राज्यहरूले अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउँछन् ताकि श्रमिकहरूको हित र अधिकारको प्रवर्द्धन गर्न सकियोस् ।

सन् १८८६ मई १ तारिखमा अमेरिकामा एक आन्दोलनबाट अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउन थालिएको हो । यो आन्दोलनमा श्रमिकहरूले अमेरिकामा कामका लागि ८ घण्टा तोक्नुपर्ने माग राखेका थिए । त्यसताका अमेरिकामा कामदारहरूलाई दिनको १५-१५ घण्टा काम गर्न लगाइन्थ्यो । उनीहरूको सुरक्षाको पनि ख्याल राख्ने गरिएको थिएन । श्रमिक कामको क्रममा पटक-पटक घाइते हुने गर्दथे, कहिलेकाहीं यसका कारण धेरैको ज्यानसमेत जाने गरेको थियो । कामको सिलसिलामा बालबालिका, महिला र पुरुषको मृत्युको अनुपात बढ्दै गएकोले सबै जनताले आफ्नो अधिकारको हनन् रोक्न एक आवाजमा आन्दोलन गर्नु आवश्यक हुनगयो । त्यही कारणले अमेरिकामा श्रमिक आन्दोलन सुरु भयो । आन्दोलनमा प्रहरीको गोली लागेर धेरै श्रमिकको ज्यान गयो, सयौं घाइते भए ।

त्यसपछि सन् १८८९ मा अन्तर्राष्ट्रिय समाजवादी सम्मेलनको दोस्रो बैठकमा मई १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसका रूपमा मनाउने र यो दिन सबै श्रमिक र श्रमिकका लागि बिदा हुने घोषणा गरियो । केही समयपछि अमेरिकामा ८ घन्टा कामको समय निश्चित हुनगयो । अहिले संसारभरि नै आठ घण्टा काम गर्ने नियम लागू छ ।

भारतमा १ मईको दिवस सबैभन्दा पहिले चेन्नईमा १ मई १९२३ बाट मनाउन सुरु गरियो । त्यस समय यसलाई मद्रास दिवस भनिएको थियो । त्यसको सुरुआत भारतीय मजदुर किसान पार्टीका नेता कमरेड सिंगरावेलु चेट्यारले सुरु गरेका थिए । मद्रास हाईकोर्टको अगाडि श्रमिकहरूले प्रदर्शन गर्दै एक संकल्प पारित गरी भारतमा पनि श्रमिक दिवस मनाउने आह्वान गरे । नेपालमा, विराटनगर श्रमिक आन्दोलनको स्मृतिमा सन् १९५१ देखि मई दिवस मनाइन थालियो । सन् १९९० को राजनीतिक परिवर्तनसँगै यो दिवसमा सार्वजनिक बिदा पनि दिन थालियो ।

नेपालमा श्रम बहसको इतिहास सन् १८५४ (वि.सं. १९१०) बाट प्रारम्भ भएको देखिन्छ । त्यस पहिले हिन्दू शास्त्रसम्मत प्रथा प्रचलित थियो । प्राचीन कालमा खेतीपाती, पशुपालन गर्ने दास हुन्थे । दासको किनबेच हुन्थ्यो । दान र दाइजोमा दास दिने पठाउने चलन थियो । नेपालमा श्री ३ महाराज चन्द्रशमशेरले दास मोचन गरे । सन् १९२३ मा दासमोचन हुनुअघि नेपालमा ५९ हजार ८७३ दासको संख्या अभिलेख गरिएको थियो ।

वि.सं १९१० को मुलुकी ऐनअन्तर्गत खेताला, भरियालाई रोजको १० पैसाका दरले ज्याला दिने, कैदीलाई सडक खन्न लगाउँदा ६ पैसा ज्याला दिने, कर्मचारी, जंगी, गैर जागिरदारका लागि ज्याला व्यवस्था गरिएको थियो । २००७ सालको संविधानमा श्रमिक, स्त्रीलाई बलपूर्वक, बालबालिकालाई कलिलो उमेरलाई दुरुपयोग गर्नु नहुने जस्ता कुरा राज्यको नीति निर्देशक सिद्धान्तअन्तर्गत राखिएको थियो ।

नेपालमा श्रमिक आन्दोलन नेपालको प्रजातान्त्रिक संघर्षको इतिहासको एक अभिन्न अंग भएर जोडिएको छ । सन् १९४७ मार्च ४ देखि विराटनगरमा ऐतिहासिक श्रमिक आन्दोलन प्रारम्भ भयो । त्यसबेला विराटनगर औद्योगिक नगरको रूपमा देखा पर्न थालेको थियो । विराटनगरको दक्षिणी भेगलाई औद्योगिक क्षेत्रको रूपमा छुट्याइएको थियो । त्यसैमा जुट मिल, कटन मिल, राइस मिल, तेल मिल, सलाई कारखाना, केमिकल

बाँकी पृष्ठ ५ मा

# युवालाई स्वदेशमै सूचना प्रविधिको काम गर्न सक्ने वातावरण बनाउँदैछौं

**० सरकारले यसपटक सूचना प्रविधि दिवसलाई निकै महत्वका साथ मनाउँदैछ । सूचना प्रविधि नेपालका लागि कत्तिको महत्त्वपूर्ण क्षेत्र हुनसक्छ ?**

– राष्ट्रिय सूचना प्रविधि दिवसलाई परम्परागत ढङ्गले मनाउनेभन्दा पनि यसलाई मुलुकको समृद्धिसँग जोडेर मनाइनुपर्छ भनेर हामीले सोचेका छौँ । 'समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार' नारा तय गरिएको छ । सूचना प्रविधि पछिल्लो समयमा असाध्यै धेरै महत्त्वपूर्ण क्षेत्रका रूपमा उदाएको छ ।

सूचना प्रविधिको माध्यमबाट समृद्धिको आधार खोज्न सकिन्छ भन्नेमा सरकार दृढ छ । हामीले यसअघि कृषि, पर्यटन र ऊर्जालाई समृद्धिका आधार भन्थ्यौं, पछिल्लो समय सूचना प्रविधि पनि थपिएको छ । नेपालले भर्खरै लगानी सम्मेलन सम्पन्न गरेको छ । सम्मेलनमा नेपालको सूचना प्रविधि क्षेत्रमा लगानी गर्न विदेशी लगानीकर्ताको उत्साहजनक 'स्पिरिट' देखापरेको छ ।

मुलुकभित्रका युवामा पनि सूचना प्रविधिका क्षेत्रको विकास गरेर मात्रै अघि बढ्न सकिन्छ भन्ने उत्साह देखा परेको छ । यसलाई राज्यले सहजीकण गर्नुपर्छ भन्ने उद्देश्यका साथ सरकार अघि बढिरहेको छ । त्यसकारण यस वर्षको सूचना प्रविधि दिवसलाई बढी महत्वका साथ हेरिएको छ ।

सूचना प्रविधिका क्षेत्रमा नेपालले विश्वसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । संसारमा पछिल्लो समय सूचना प्रविधिका क्षेत्रमा धेरै परिवर्तन भएका छन् । नेपालले पनि त्यसलाई सँगसँगै पछ्याउन जरुरी छ । नेपाल दुई ठूला देशका बीचमा छौँ । नेपालले सूचना प्रविधिका क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्छौँ भन्ने देखिएको छ ।

अन्तर्राष्ट्रिय बजारलाई पनि ध्यान दिँदै सूचना प्रविधिलाई विकास गरेर जानुपर्छ । नेपालमा रहेको सूचना प्रविधिका दक्ष जनशक्तिको सदुपयोग गर्दै अघि बढ्नुपर्छ । सूचना प्रविधिका क्षेत्रमा सरकारी, निजी र वैदेशिक लगानी बढाएर व्यापक विकासमा अघि बढ्नुपर्ने आवश्यकता ठानेका छौँ । सरकार सोही 'स्पिरिट'अनुसार अघि बढेको छ ।

**० हालै सम्पन्न तेस्रो लगानी सम्मेलनमा पनि सूचना प्रविधिका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ताको आकर्षण देखियो । यसलाई परिणाममा उतार्न सरकारले कस्तो तयारी गर्दैछ ?**

– हामीले मुलुकमा लगानीका उपयुक्त वातावरण बनाउन महत्वपूर्ण कानुनी सुधार गरेका छौँ । लगानी सम्मेलनकै क्रममा सरकारले नौ वटा विभिन्न कानुन अध्यादेशमार्फत संशोधन गरेको छ । निजी र वैदेशिक लगानी आकर्षित होस् भनेर नै कानुन संशोधन गरिएको हो । लगानी सम्मेलनका क्रममा नेपालमा डाटा सेन्टर स्थापना गर्नेसम्बन्धी पहिलो सम्झौता भएको छ । कानुनी अड्चनलाई मिलाएर थप लगानीका लागि प्रोत्साहित गर्छौं । नेपाल जलवायुका दृष्टिकोणबाट पनि सूचना प्रविधिका क्षेत्रमा लगानीका उपयुक्त छ । नेपाललाई सूचना प्रविधि (आइसिटी)को हव बनाउन सकिन्छ भन्ने ढङ्गबाट सरकारले सोचिरहेको छ । विश्वभर रहेको सूचना प्रविधिसँग सम्बन्धित उद्योगलाई नेपालमा स्थापनाका लागि आह्वान र प्रोत्साहित गर्ने योजना छ ।

लगानी सम्मेलनमा नेपालमा आइटी हब बनाउने, इन्क्युवेशन सेन्टर तथा डाटा सेन्टर स्थापनालगायतका सूचना प्रविधिसँग सम्बन्धित उद्योग खोल्ने बारेमा पनि छलफल भएको छ । लगानीकर्ताले चाहेका विषयमा पनि सरकारले उचित ध्यान दिनेछ । यसो गरिरहँदा हामीले देशको आन्तरिक सुरक्षाको पाटोलाई पनि उत्तिकै ध्यान दिएका छौँ ।

हाम्रो डाटाको सुरक्षा गर्दै सूचना प्रविधिका क्षेत्रमा सरकारी, निजी र वैदेशिक लगानीलाई पनि अभिवृद्धि गरेर जाने सरकारको सोच छ । लगानी सम्मेलनले पनि उत्साहजनक वातावरण सिर्जना गरेको छ । सूचना प्रविधिलाई उच्च प्राथमिकता दिएर सरकार अघि बढिरहेको छ ।

**० सूचना प्रविधिको प्रयोगबाट आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्नुभयो । यसका आधारहरू के-के छन् ?**

– आर्थिक रूपमा धरासयी बन्दै गइरहेका मुलुकले सूचना प्रविधिका माध्यमबाट आर्थिक उत्थान गरेका प्रशस्त अन्तर्राष्ट्रिय उदाहरण छन् । अनौपचारिक अध्यननअनुसार नेपालमै पनि सूचना प्रविधिको निर्यातबाट करिब ७० अर्ब विदेशी मुद्रा आर्जन भएको छ ।

सूचना प्रविधिका क्षेत्रमा करिब एक लाख युवा संलग्न भएको अनुमान गरिएको छ । जबकी हामीले नेपालमा सबै युवालाई स्वदेशमै बसेर काम गर्न सक्ने 'आइटी हब'को व्यवस्था गर्न सकेका छैनौं । सबै युवालाई स्वदेशमै बसरे सूचना प्रविधिको काम गर्न सक्ने वातावरण बनाउन सरकार लागिपरेको छ ।

हरेक वर्ष १० हजार युवा सूचना प्रविधि क्षेत्रमा भित्रिने गरेका छन् । त्यस आधारमा हेर्दा नेपालमा सूचना प्रविधिका क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको पनि कमी छैन । कम लागतमा सूचना प्रविधिसम्बन्धी उद्योग फस्टाउने आधार देखिएको छ ।

सूचना प्रविधिसम्बन्धी उद्योग घाटाको उद्योग होइन, यो मुनाफा मै जान्छ । सूचना प्रविधिसम्बन्धी भारतीय बजार हेर्ने हो भने पनि हामीले नेपालबाट धेरै काम गर्न सकिन्छ । छरिएर रहेका सूचना प्रविधि व्यवसायलाई राज्यले एक ठाउँमा ल्याएर उनीहरूलाई प्रोत्साहन गर्नुपर्छ । सूचना प्रविधिसम्बन्धी सेवा निर्यात गर्नका लागि कर नलगाइदिने व्यवस्था गर्न सकिन्छ । यसबाट ठूलो मात्रामा वैदेशिक मुद्रा भित्रन सक्छ । समृद्धिका लागि सूचना प्रविधिको मुख्य आधार भनेको जनशक्ति, नीति योजना र कार्यक्रम नै हुन् । पछिल्लो समय युवाहरू सूचना प्रविधिका क्षेत्रमा उत्साहित भएर लाग्नुभएको छ । यही आधारमा हामीले सूचना प्रविधि समृद्धिको आधार बन्न सक्छ भनेका हौँ ।

**० सरकारले सूचना प्रविधिका माध्यमबाट मुलुकको रुपान्तरण गर्ने भनेर ...डिजिटल नेपाल फ्रेमवर्क❑ परियोजना अघि बढाइरहेको छ । उक्त परियोजनाको कार्यान्वयन कसरी भइरहेको छ ?**

– डिजिटल नेपाल फ्रेमवर्क परियोजना २०७६ सालदेखि अघि बढेको छ । सो परियोजनामा विश्व बैंकले लगानी गरेको छ । मुलुकको रुपान्तरणका लागि यो निकै नै महत्वपूर्ण परियोजना हो । विभिन्न आठ वटा क्षेत्र पहिचान गरेर उक्त परियोजना कार्यान्वयनमा छ । परियोजनाले ८० वटा पहल लिएको छ ।

पछिल्लो समयमा उक्त परियोजनाअन्तर्गतका केही कार्यक्रमको 'रिभ्यू' गरिएको छ । उक्त 'रिभ्यू' विश्व बैंकको बोर्डबाट स्वीकृत भएलगत्तै तीव्र गतिमा कार्यान्वयनमा जान्छ । उक्त परियोजनामा वैदेशिक लगानी पनि खोज्दै गइरहेका छौँ भने नेपाल सरकारले सकेको अवस्थामा स्वदेशी लगानीबाट पनि यो कार्यक्रम अघि बढाउनुपर्छ भन्नेमा सरकार स्पष्ट छ ।

यी सबै विषय कार्यान्वयन गर्नका निम्ति एकल संरचना छैन । डिजिटल नेपाल फ्रेमवर्कमा कृषि, पर्यटन, सहरी विकासलगायत आठ क्षेत्र समेटिएका छन् । तर यी कार्यान्वयन गर्ने बेग्लाबेग्लै मन्त्रालय छन् । यसलाई एकद्वारबाट कार्यान्वयन गर्नका निम्ति संरचनागत सुधार आवश्यक छ । संरचनात्मक सुधार गरेर जान सकियो भने उक्त कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकिन्छ । डिजिटल नेपाल फ्रेमवर्कलाई समीक्षासहित अघि बढाउने प्रक्रियामा छौँ ।

**० यहाँ सञ्चार तथा सूचना प्रविधि मन्त्रीका साथै नेपाल सरकारको प्रवक्ताको भूमिकामा पनि हुनुहुन्छ । हामी विश्व प्रेस स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा छौँ । पछिल्ला समय प्रेस स्वतन्त्रतामा चुनौती थपिएको सार्वजनिक टिप्पणी हुन थालेका छन्, यसलाई कसरी लिनुभएको छ ?**

– हामीले धेरै लामो सङ्घर्षपछि अभिव्यक्ति स्वतन्त्रता प्राप्त गरेका हौँ । जुनबेला नेपालमा राजनीतिक स्वतन्त्रता थिएन, त्यो बेला हामीसँग अभिव्यक्ति स्वतन्त्रता पनि थिएन । अभिव्यक्ति स्वतन्त्रता थियो भने पनि त्यो नियोजित नै थियो । राजनीतिक परिवर्तन पछाडिको नयाँ संविधानमा हामीले प्रष्टसँग अभिव्यक्ति स्वतन्त्रताको प्रतिबद्धतालाई व्यक्त गरेका छौँ । आजका दिनमा अभिव्यक्ति स्वतन्त्रता सबैभन्दा महत्वपूर्ण मुद्दा हो ।



रेखा शर्मा
मन्त्री, सञ्चार तथा सूचना प्रविधि

सरकारले कानुन निर्माण गर्दा होस् वा कुनै निर्णय गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई केन्द्रबिन्दुमा राख्ने गरेको छ । कैयन अराजकता हुँदाहुँदै पनि हामी कहाँनेर सचेत छौँ भने अभिव्यक्ति स्वतन्त्रतामाथि कसैले पनि नकारात्मक धारणा बनाउन हुँदैन । वर्तमान सरकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्ध छ । आजका दिनमा मिडिया साक्षरता अत्यावश्यक बनेको छ ।

सकारात्मक विषयवस्तुको सम्प्रेषणबाट समाजमा गतिलो प्रभाव पर्ने हुन्छ । यसबारेमा मिडियाले गम्भीर भएर सोच्न आवश्यक भइसकेको छ । सञ्चार माध्यमलाई सकारात्मक दृष्टिकोणका साथ कसरी अगाडि बढाउने भन्ने बारेमा सञ्चार जगतले पनि सोच्नुपर्छ ।

सरकारले आमसञ्चारसम्बन्धी ऐनलाई संसद्मा प्रस्तुत गर्ने तयारी गरिरहेको छ । सरकारले मिडियालाई उद्योगका रूपमा विकास गर्नुपर्छ भन्ने सोच राखेको छ । आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन गर्ने र सो संस्थाले सञ्चार माध्यमलाई प्रशिक्षित गर्ने अवस्था हुन्छ । अभिव्यक्तिको स्वतन्त्रता हनन् हुन नदिने कुरामा हामी अत्यन्त सचेत छौँ, किनकी यो विषय राजनीतिक स्वतन्त्रतासँग पनि जोडिएको छ ।

हामी विश्व प्रेस स्वतन्त्रता दिवसको सँघारमा पनि छौँ, म सम्पूर्ण सञ्चार जगत र अभिव्यक्ति स्वतन्त्रताको पक्षधर सबैलाई शुभकामना पनि दिन चाहन्छु । अभिव्यक्ति स्वतन्त्रताप्रति हरदम चनाखो हुन पनि आग्रह गर्न चाहन्छु । सरकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्राप्रति प्रतिबद्ध छ ।

**० यसपटकको विश्व प्रेस स्वतन्त्रता दिवसको नारा वातावरणसँग जोडिएको छ । नेपालको सन्दर्भमा उक्त नारा अझ बढी सान्दर्भिक देखिन्छ । यसलाई कसरी हेर्नुहुन्छ ?**

– जलवायु परिवर्तनका कारण भइरहेको वातावरणीय परिवर्तनबाट विश्व गुज्रिरहेको छ । यो विश्वव्यापी चुनौतीको विषय बनेर आएको छ । हामीले विगतमा केकति गल्ती गर्‍यौ, यो एउटा पाटो हो तर विश्व समुदायले वातावरणीय सन्तुलनको पक्षलाई ध्यान नदिँदा हामी पनि प्रभावित भएका छौँ । हिमाल पग्लिदै छन् । पृथ्वी तात्दैछ । अहिलेको विश्व प्रेस स्वतन्त्रता दिवसको नाराले वातावरणीय विषयलाई मुख्य मुद्दा बनाएको छ, यो निकै नै सान्दर्भिक छ ।

मिडियाका माध्यमबाट जनचेतना जगाउन आवश्यक छ । वातावरण जोगाउन के गर्नुहुन्छ, के गर्नु हुँदैन, राज्यका तहमा के कस्ता कानुन निर्माण गर्नुपर्छ, नागरिकले कसरी ध्यान दिनुपर्छ, सचेत नागरिकको कर्तव्य के हो भन्ने बारेमा मिडियाले जनचेतना फैलाउनुपर्छ । जलवायु परितर्वनको प्रभावबाट मानव समुदायले भाग्दै आएको कष्टकर अवस्थाको अन्त्य गर्न वातावरण जोगाउने हाम्रो कर्तव्य नै हो ।

**० पछिल्लो समय सञ्चार मन्त्रालयले आमसञ्चारसँग सम्बन्धित विभिन्न कानुन निर्माणलाई प्राथमिकता दिएको छ । कानुन निर्माणको प्रक्रिया कहाँ पुगेको छ ?**

– सूचना प्रविधिको विकाससँगै आमसञ्चार क्षेत्रमा पनि व्यापक फेरबदल आएको छ । फरक विधा अगाडि आएका छन् । यी सबै विषयलाई समेट्न सरकारले नयाँ कानुन तर्जुमा र परिमार्जन गर्न खोज्दैछ । मिडिया काउन्सिल ऐन संसद्मा दर्ता भएको छ । आमसञ्चारसम्बन्धी ऐन अर्थ र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा राय सुझावका लागि पठाइएको छ ।

पछिल्लो समय 'न्यू मिडिया'का रूपमा विकास भएको सामाजिक सञ्जाललाई व्यवस्थित बनाउनका लागि कानुन निर्माणको प्रक्रिया अघि बढेको छ । आमसञ्चारसँग सम्बन्धित थुप्रै कानुन निर्माणको प्रक्रियामा छन् । साइबर सुरक्षा ऐन तथा सूचना प्रविधि विधेयकको तयारी गरिरहेका छौँ ।

नेपालमा पहिलो पटक साइबर सुरक्षा केन्द्र स्थापना भएको छ । सूचना प्रविधिका क्षेत्रमा थुप्रै कामका सुरुआत भएका छन् । नयाँ कानुनहरूको तर्जुमा र विद्यमान कानुनको परिमार्जनबाट आगामी दिनमा आमसञ्चार क्षेत्रले नयाँ गति लिन सक्दछ भन्ने विश्वास लिइएको छ । – राससबाट

# कार्यक्षेत्र नछोड्न कर्मचारीलाई मन्त्री महासेठको निर्देशन

- पुजा चौलागाई

काठमाडौं । नेपाल निजामती कर्मचारी संगठन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय विभागीय कार्यसमितिद्वारा आयोजित नववर्ष २०८१ को शुभकामना आदानप्रदान तथा क्यालेण्डर विमोचन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सभाहलमा एक कार्यक्रमका बीच सम्पन्न गरेको छ ।



उक्त कार्यक्रमकको प्रमुख अतिथ्यता ग्रहणका क्रममा उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुविर महासेठले लक्ष्य अनुसार काम समयमा नै सम्पन्न गर्नु पर्ने धारणा व्यक्त गरेका छन् । उनले अगाडी भने - रणनीतिक सडक र पुलमा बजेट अभाव नहुने । साथै अपवाद बाहेक हाल कर्मचारीको सरुवा नहुने भएकोले कार्यक्षेत्र नछोड्न कर्मचारीलाई मन्त्री महासेठले निर्देशन समेत दिएका थिए ।

त्यसैगरि कार्यक्रममा अतिथ्यता ग्रहण गर्दै भौतिक पूर्वाधार तथा यातायात सचिव गोपाल प्रसाद सिग्देलले संक्षिप्त शुभकामना मन्तव्य व्यक्त गरेका थिए । नेपाल ईन्जिनियर्स एसोशियसनका पूर्व सदस्य ई. विनोद भट्टराईले भौतिक पूर्वाधार क्षेत्रको विविध समस्या तथा कर्मचारी व्यवस्थापनका समस्या र चुनौती बारे प्रकाश पारे ।

मन्त्रालयमा सक्रिय अन्य ट्रेड युनियन अध्यक्ष लगायत अन्य पदाधिकारीहरुले समेत शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

संगठनका केन्द्रिय अध्यक्ष लेखनाथ कोइरालाले संसदमा विचाराधिन निजामती विध्ययकमा गर्नु पर्ने सम्बोधन तथा कर्मचारी हितको पक्षमा आफ्नो धारणा राख्दै शुभकामना व्यक्त गरे ।

उक्त कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठनका केन्द्रिय अध्यक्ष लेखनाथ कोईराला, सडक विभाग, रेल विभाग, यातायात व्यावस्था विभागका महानिर्देशक, उपमहानिर्देशक, मन्त्रालय तथा विभागका सहसचिव, सुई, आयोजना निर्देशक, नेपाल निजामती कर्मचारी यूनियनका पुर्व अध्यक्ष सुबोध देबकोटा, संगठन केन्द्रका उपाध्यक्ष, प्रदेश ईञ्चार्ज, उपमहासचिब, सचिव, सचिवालय सदस्य, केन्द्रिय सदस्य, अन्य मन्त्रालयका विभागीय अध्यक्ष एवं प्रतिनिधि, बिभागका उपसचिव तथा सिडिई, मन्त्रालयमा सकृय अन्य ट्रेड युनियनका अध्यक्ष तथा प्रतिनिधि, विभागीय कमिटीका सदस्यहरु लगायत अन्य राष्ट्रसेवक कर्मचारीहरुको बाक्लो उपस्थिती रहेको थियो ।

संगठनका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय विभागीय कार्यसमितिका अध्यक्ष ई. प्रमोद खतिवडाले कार्यक्रमको उद्देश्य प्रकाश पार्दै स्वागत तथा शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

नेपाल निजामती कर्मचारी संगठन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय विभागीय कार्यसमितिका अध्यक्ष ई. खतिवडाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको संचालन संगठनका विभागीय सचिव रामचन्द्र फुयाँलले गरेका थिए ।

# 'पोस्ट इन्भेष्टमेन्ट समिट इन्डिया-नेपाल बीटूबी मिट' आयोजना

काठमाडौं । काठमाडौंस्थित भारतीय राजदूतावासले नेपाल लगानी बोर्ड र नेपाल-भारत उद्योग वाणिज्य संघसँगको सहकार्यमा काठमाडौंमा मंगलबार 'पोस्ट इन्भेष्टमेन्ट समिट इन्डिया-नेपाल बीटूबी मिट' को आयोजना गरेको छ ।



ऊर्जा, कृषि, निर्माण, पर्यटन, कोल्ड चेन, मेडिकल उपकरण, वित्त, परामर्श र कानून क्षेत्रलाई समेट्दै सो बैठकमा मिलेनियम इन्डिया इन्टरनेशनल चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री ( एमआईसीसीआईए) र नेपाल-भारत उद्योग वाणिज्य संघका ३५ जना प्रतिनिधिले सहभागीता जनाएका थिए । कार्यक्रममा बोल्दै नेपाल-भारत उद्योग वाणिज्य संघकी अध्यक्ष सृजना राणाले भारतीय र नेपाली व्यापारबीच सहकार्यका लागि जलविद्युत, पर्यटन र कृषि सम्भावना बोकेको क्षेत्रको रुपमा रहेको बताइन् । ि

मलेनियम इन्डिया इन्टरनेशनल चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री ( एमआईसीसीआईए) का अध्यक्ष राजदूत अनिल त्रिगुनायतले पछिल्लो द्विपक्षीय कनेक्टिभिटी पहलको सराहना गर्दै भारत-नेपाल आर्थिक साझेदारीलाई अघि बढाउन बीटूबी कनेक्सनको महत्व रहेको बताउनुभयो ।

लगानी बोर्डका उपसचिव रमेश अधिकारीले भारतीय लगानीकर्तालाई नेपालमा व्यापार गर्न स्वागत गर्नुभयो । मिति २०८१ वैशाख १६-१७ गतेसम्म बसेको तेस्रो नेपाल लगानी सम्मेलनमा फलदायी छलफलमा सहभागी भएका कैयौ व्यक्तिगत व्यवसायका साथै एफआईसीसीआई, सीआईआई, आईसीसी र एमआईसीसीआईएका ५० भन्दा बढी सदस्यीय बलियो भारतीय प्रतिनिधिमण्डलको प्रशंसा गर्नुभयो । उक्त बीटूबी बैठकमा नेपाल-भारत उद्योग वाणिज्य संघ र एमआईसीसीआईएबीच सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भयो । नेपालमा लगानी गर्ने भारतीय लगानीकर्ताहरुका लागि लगानी सम्मेलनको एकदिन अगाडी नेपालका माननीय अर्थमन्त्री वर्षमान पुनले सार्वजनिक गर्नुभएको तेस्रो संस्करणको पुस्तिकाको प्रतिलिपि भारतीय प्रतिनिधिलाई उपलब्ध गराइएको थियो ।

## मधेश अपडेट

### सप्तरीको अग्निपीडितलाई घर बनाइदिने मुख्यमन्त्री यादवको घोषणा

सप्तरी । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले सप्तरीको महादेवा गाउँपालिका-१ चिम्टीका अग्निपीडितहरूलाई घर बनाइदिने घोषणा गर्नु भएको छ । अग्निपीडितलाई भेट्न बिहिबार घटनास्थल पुगेका मुख्यमन्त्री यादवले प्रदेश सरकार जनता आवासको मोडेलमा पीडित परिबारलाई घर बनाइदिने घोषणा गर्नु भएको हो । उहाँले भन्नु भयो , 'प्रदेश सरकार सुखदुःखमा तपाईहरुको साथमा छ, आजकलमै निर्णय गरेर यहाँ आगोमा जति घर जलेको छ त्यति घर प्रदेश सरकारले बनाइदिनेछ।' बिहिबार दिउँसो काठमाडौँबाट राजविराज विमानस्थल पुगेका मुख्यमन्त्री सिधै घटनास्थल पुगेका थिए । घटनास्थल निरिक्षणको क्रममा अग्निपीडितहरूले मुख्यमन्त्री समक्ष आफ्नो दुखेसो पोखेका थिए । मंगलबार चिम्टीमा भएको आगलागीमा परेर त्यहाँका ४७ बढी परिवार घरविहीन बनेका छन् । निरिक्षणको क्रममा बन तथा वातावरण मन्त्री भरत साह, प्रदेश सभा सदस्य मनिष सुमन, किरण साह, माला कर्ण, मधेश सरकारका पुर्व अर्थमन्त्री शैलेन्द्र प्रसाद साह सहितको उपस्थिति रहेको थियो ।

### आगलागी पीडितलाई सशस्त्र प्रहरी परिवार महिला संघको सहयोग

महोत्तरी । मटिहानी नगरपालिका वडा नम्बर ६ जरलहवा गाछीमा आगलागी बाट क्षतिग्रस्त क्षेत्रका पीडितहरूलाई श्री सशस्त्र प्रहरी परिवार महिला संघले राहत वितरण गरिको छ । उक्त राहत वितरण कार्यक्रमको शुभारम्भ श्री सशस्त्र प्रहरी परिवार महिला संघका केन्द्रीय अध्यक्ष अनिता लामिछाने, प्रतिनिधि सभा सदस्य चन्दा चौधरी, मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल, महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, मधेश प्रदेशका सशस्त्र प्रहरी नायाब महानिरीक्षक दिपेन्द्र साह, प्रदेश सशस्त्र प्रहरी परिवार महिला संघका अध्यक्ष प्रवदा सिंह शाहले संयुक्त रुपमा गरेका थिए । उक्त राहत वितरणमा सिरानी-१, कम्बल-१, पानी बोटल-१, तौलिया-१, मास्क-१ प्याकेट, स्टीलको थाल-१०, कचौरा-२, ग्लास-२, चमचा-२, सरसफाई किट महिला पुरूषको लागि १/१ थान का दरले जम्मा १०३ घरपरिवारलाई बितरण गरिएको नगरपालिकाले जनाएको छ । त्यसैगरी पालिकालाई क्षतिग्रस्त क्षेत्रमा शौचालय ब्यबस्थापनको लागि टॉयलेट प्यान, पाईप र एल्बो१०/१० थान मटिहानी नगरपालिकाका नगर प्रमुख मंडललाई हस्तान्तरण समेत गरिएको छ। त्यसै क्रममा आगलागिबाट क्षतिग्रस्त क्षेत्रका पीड़ितहरुको लागि सामुहिक भोजको आयोजन श्री सशस्त्र प्रहरी परिवार महिला संघ द्वारा समेत गरिएको थियो ।

### सेभ द चिल्ड्रेनको सहयोग

महोत्तरी । गत बैशाख १२ गते मटिहानी नगरपालिका वडा नम्बर ६ जरलहवा गाछीमा आगो लागि क्षतिग्रस्त क्षेत्रका पीडितहरूलाई शुक्रबार सेभ द चिल्ड्रेन तथा युके एडको सहयोग र मटिहानी नगरपालिका एवं रतौली युवा क्लबको समन्वयमा राहत वितरण गरिएको छ। उक्त राहत वितरण कार्यक्रमको शुभारम्भ महोत्तरी जिल्ला समन्वय एकाइका प्रमुख सुमन लाल कर्ण, मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल, नेपाली सेना परिकौली ब्यारेकका कर्नेल विशेष पौडेल, सेभ द चिल्ड्रेन बर्दिबास कार्यालयका प्रमुख घना भुसालले संयुक्त रुपमा गरेका हुन् । उक्त राहत वितरणमा डिगनिटी किट, सरसफाई सामग्री किट, भान्सा घरमा प्रयोग हुने भाडा बर्तन सेट, ० देखि २ वर्ष र ३ देखि ५ वर्ष मुनिका बालबालिकाहरूका लागि आवश्यक सामग्रीहरूको किट गरी जम्मा ५० किसिमका सामग्री वितरण गरिएको कुरा रतौली क्लबका प्रमुख बैजनाथ चौधरीले बताए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# श्रमिक...

कारखानाहरू खुलेका थिए । ती सबैमा कार्यरत मजदुरहरूको संख्या करिब २५-३० हजार थियो । त्यहाँको कटन मिलमा गिरिजाप्रसाद कोइरालाले काम गर्न थालेका थिए । त्यसरी नै जुट मिलमा तारिणीप्रसाद कोइराला, गेहेन्द्रहरि शर्मा र युवराज अधिकारी एवं केमिकल कारखानामा मनमोहन अधिकारी काम गर्दथे । त्यसबेला सबै मिलहरू राम्रो हालतमा चलिरहेका र राम्रो नाफा कमाइरहेका थिए । तर श्रमिकहरूको हितप्रति मिल मालिकहरूको कुनै चासो थिएन ।

श्रमिकहरूलाई बीमा, बोनस आदिको कुनै प्रबन्ध थिएन । विराटनगरकै सीमावर्ती स्थान-भारतको जोगवनीको मिलहरूमा काम गर्ने श्रमिकहरूलाई दिइएको जस्तो सुविधा, ज्याला विराटनगरका श्रमिकहरूलाई दिइएको थिएन । मिल मालिकले कुनै पनि श्रमिकलाई कुनै पनि बेला हटाउन सक्थे । श्रमिकहरूले कति घण्टा काम गर्नुपर्ने हो, त्यसको निर्धारण गरिएको थिएन ।

त्यस स्थितिमा आफूहरूमाथि शोषण भइरहेको छ भन्ने कुरा तमाम श्रमिकहरूले महसुस गरेका थिए । तर त्यो शोषणको अन्त्य कसरी गर्ने ? उनीहरूको आपसमा बसेर छलफल गर्ने, विचार आदान-प्रदान गर्ने कुनै सामूहिक ठाउँ वा मञ्च, केही थिएन । शोषण, असुविधा र असुरक्षालाई सबैले एक्लाएक्लै व्यहोरिरहेका थिए ।

गिरिजाप्रसाद कोइराला श्रमिकहरूलाई एकसूत्रमा आवद्ध गर्ने र मिलहरूको अवस्थामा केही सुधार गर्ने कार्यमा लागे । उनले आफू कार्यरत रहेको कटन मिलको सामान्य रूपमा सफाइ गराए । त्यसले मिल मालिकलाई कुनै नोक्सान वा अतिरिक्त बोझ पुऱ्याएको थिएन । तर उनको अनुमति विना किन यसो गरियो भनेर मिल मालिक रिसाए । यसले केवल गिरिजाप्रसाद कोइरालालाई मात्र होइन, सम्पूर्ण श्रमिक वर्गलाई उत्तेजित र आक्रोशित गरायो ।

श्रमिकहरूले आफ्नो माग राखेर हड्ताल प्रारम्भ गरे । श्रमिकहरूले युनियन पनि बनाए । त्यसको नाम विराटनगर श्रमिक युनियन राखिएको थियो । गिरिजाप्रसाद कोइराला युनियनको अध्यक्ष बनाइए ।

आन्दोलनलाई सहयोग पुऱ्याउन पछि बीपी कोइराला र नेपाली राष्ट्रिय कांग्रेसका अरू नेताहरू पनि विराटनगर आए । सरकारले आन्दोलनलाई कठोरतापूर्वक दबाउने कोसिस गऱ्यो । बीपी कोइराला, गिरिजाप्रसाद कोइराला, तारिणीप्रसाद कोइराला, मनमोहन अधिकारी, गेहेन्द्रहरि शर्मा र युवराज अधिकारीलाई पक्राउ गऱ्यो । पक्राउ गरिएका नेताहरूको रिहाइको थप माग राखेर श्रमिकहरूले प्रदर्शन गरे ।

प्रदर्शनमाथि निर्ममतापूर्वक गोली प्रहार भयो । श्रमिक नेता तुलाराम तामाङको घटनास्थलमै मृत्यु भयो, अन्य धेरै घाइते भए । प्रदर्शनकारी दिव्या कोइराला, नलिनी उपाध्याय, इन्दिरा आचार्य, कामिनी गिरी, बालचन्द्र शर्मा, गोपालप्रसाद भट्टराईलगायत धेरैलाई पक्राउ गरियो । पक्राउ गरिएका सबैलाई धनकुटा लगियो । बीपी कोइरालालगायत ६ जनालाई धनकुटाबाट काठमाडौं ल्याइयो । कालक्रममा बीपी कोइराला, गिरिजाप्रसाद कोइराला तथा मनमोहन अधिकारी तीनै जना देशको प्रधानमन्त्री भए ।

त्यो आन्दोलन श्रमिकहरूमा मात्र सीमित रहेन । राष्ट्रिय आन्दोलनको रूप लियो । १७ अप्रिल १९४७ देखि देशव्यापी सत्याग्रह थालियो । ठाउँ-ठाउँमा सत्याग्रह सुरु भयो । सत्याग्रह क्रमशः सशक्त हुँदैगयो । सशस्त्र संघर्ष र सरकारसँग युद्ध पनि भयो । अन्ततः राणा सरकार ढल्यो ।

मई १ सँग श्रमिकहरूको इतिहास, उनीहरूको संघर्ष र अरू यावत् विषय आवद्ध भएर रहेका छन् । यस दिनले नेपालको श्रमिक आन्दोलनलाई पनि सम्झाउँछ । त्यो नेपालमा भएको पहिलो ऐतिहासिक आन्दोलन थियो । नेपालमा प्रजातन्त्रको स्थापना र पुनर्स्थापनाको लामो संघर्षबाट गणतन्त्रसम्म आइपुग्दा, ती सबैको गन्तव्यमा पुग्ने पहिलो पाइला वा प्रस्थानविन्दु विराटनगरको यही श्रमिक आन्दोलन थियो ।

आज देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागू छ । संविधानको प्रस्तावनामा प्रयुक्त अनेकौं शब्दले श्रमप्रति सम्मानको भाव व्यक्त गर्दछन् । संविधानको धारा १७ ले नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता प्रदान गरेको छ । धारा २९ ले प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक प्रदान गरेको छ । कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन नपाइने व्यवस्था गरिएको छ ।

संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक प्रदान गरेको छ । प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक हुनेछ । धारा ३४ ले प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ । प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । प्रत्येक श्रमिकलाई कानुन बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ । संविधानको धारा ४२ ले सामाजिक न्यायको हक सुनिश्चित गरेको छ । जसअनुसार श्रमिकलाई पनि समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक प्रदान गरिएको छ ।

त्यस्तै संविधानको राज्यका निर्देशक सिद्धान्तले श्रम र रोजगारसम्बन्धी नीति पनि आत्मसात् गरेको छ । सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउनुपर्छ । स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्नुपर्छ । बालश्रम लगायत श्रमशोषणका सबै रूपको अन्त्य गर्नुपर्छ ।

श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्नुपर्छ । वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्नुपर्छ । वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीतिहरू अख्तियार गरिएको पाइन्छ ।

निजामती किताबखाना निजामती कर्मचारी संगठनको इतिहास हो । निजामती किताबखाना, जसको प्रारम्भिक नाम मुलुकी किताबखाना र वर्तमान नाम राष्ट्रिय किताबखाना (निजामती) हो, यो निजामती कर्मचारीको व्यक्तिगत विवरण राख्ने केन्द्रीय निकाय हो । यसले नीति-निर्माताहरूलाई कर्मचारी सम्बन्धी आवश्यक विवरण एवं तथ्याङ्क उपलब्ध गराउनुका साथै सेवाबाट अलग भएका कर्मचारीहरूलाई निवृत्तिभरण, उपदान, पारिवारिक निवृत्तिभरण, असाधारण पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्ततिवृत्ति जस्ता सुविधा प्रदान गर्ने कार्यमा प्रमुख भूमिका निर्वाह गर्दछ ।

वि.सं. १९०३ मा नेपालमा राणाशासनको सुरुआत भएपछि पजनी हुने कर्मचारीहरूको लगत राख्न एकजना कर्मचारीको व्यवस्था गरिएको थियो ।

बाँकी पृष्ठ ६ मा

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश



भूकम्प लगायत बहुप्राकृतिक प्रकोपबाट हुनसक्ने जनधनको क्षतिको न्यूनीकरण गर्न दक्ष प्राविधिकको सहयोग लिई भवनको नक्शा/डिजाइन तयार गरौं। साथै भवन निर्माण गर्दा नेपाल राष्ट्रिय भवन संहिता २०६० को पालना गरी भूकम्प प्रतिरोधी भवन निर्माण गरौं। निर्माण कार्यमा दक्ष प्राविधिक, तालिममा प्राप्त कालिगढ तथा गुणस्तरीय निर्माण सामाग्रीको प्रयोग गरौं। सुरक्षित रहने संस्कृतिको विकास गरौं।

नेपाल सरकार

सहरी विकास मन्त्रालय

**संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय**

**सानोगौचरण, काठमाडौं**

# श्रमिक...

त्यसैलाई निरन्तरता दिँदै निजामती, जंगी, प्रहरी र मिलिसिया कर्मचारीहरूको लगत व्यवस्थित रूपमा राख्ने प्रयोजनको लागि वि.सं. १९०५ मा मुलुकी किताबखानाको रूपमा यस कार्यालयको स्थापना भएको पाइन्छ। वि.सं. १९३३ मा कमाण्डर इन चिफको मातहतमा रहने गरी मुलुकी किताबखानालाई कमाण्डरी किताबखानामा परिणत गरियो, जसले तत्कालीन समयमा नयाँ भर्ना हुने कर्मचारीलाई प्रधानमन्त्री र चिफ साहेबको दर्शन गराउने तथा त्यसपछि कर्मचारीको नाम दर्ता गर्ने कार्य गर्दथ्यो। वि.सं. १९९७ पछि सेवानिवृत्त कर्मचारीहरूलाई निवृत्तिभरण (पेन्सन) दिने व्यवस्था लागू भएपछि कर्मचारीको वैयक्तिक विवरण फारम (सिटरोल) भराई राख्ने गरिएको पाइन्छ। वि.सं. २००९ सम्म शाही नेपाली सेना र २०३५ सालसम्म नेपाल प्रहरी कर्मचारीको समेत अभिलेख राख्दै आएको यस कार्यालयले हाल निजामतीतर्फ कर्मचारीहरूको अभिलेख राख्ने कार्य गर्दै आएको छ। वि.सं. २००७ सम्म कमाण्डर इन चिफको मातहतमा रहेको यो कार्यालय वि.सं. २००८ पछि गृह मन्त्रालय, मन्त्रिपरिषद् सचिवालय, प्रशासन व्यवस्था विभागअन्तर्गत रहँदै हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको विभागको रूपमा रहेको छ। वि.सं. २०२२ देखि निजामती किताबखानाको रूपमा नामकरण भएको अभिलेखबाट देखिन्छ। नेपालको संविधान, २०७२ ले धारा २४३ मा लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार सुनिश्चित गर्दै निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुने उल्लेख गरेको छ। यसै धारामा संविधानले स्पष्टीकरण दिँदै यस धाराको प्रयोजनका लागि निजामती सेवाको पद भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरू सबै सेवाको पद सम्झनुपर्छ भनी उल्लेख गरेको छ। त्यस्तै धारा २४४ ले प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था गरेको छ। पछिल्लो एक तथ्यांक अनुसार निजामती सेवामा ८२ हजार ४९६ जना कर्मचारी कार्यरत छन्।

श्रमिकको व्यावसायिक तथा पेशागत हकहितलाई संरक्षण र सम्बर्द्धन गर्न ट्रेड युनियन ऐन, २०४९ लागू गरिएको छ। निजामती सेवा ऐन, २०४९ ले पनि ट्रेड युनियनको अधिकारलाई आत्मसात् गरेको छ। श्रमिकको हकहित संरक्षण गर्न विभिन्न पेशागत महासंघ, संघ वा प्रतिष्ठान तथा ट्रेड युनियनहरू स्थापित छन्। आईएलओ महासन्धिलाई नेपालले अनुमोदन गरेको छ। संस्थागत रूपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रबन्ध गरिएको छ। श्रम आन्दोलनको माध्यमबाट श्रमिकको हितलाई ध्यानमा राखी गरिएका यी व्यवस्थाको बाबजूद पनि श्रमिकको राजनीतिक आन्दोलनले उचाइ लिइसक्दा पनि आर्थिक तथा सामाजिक अवस्थामा भने तात्विक परिवर्तन आउन सकेको छैन। प्रत्येक वर्ष श्रमिक दिवस मनाइरहँदा श्रमिकको पेशागत हित र उनीहरूको जीवनस्तर उँभो लगाउने निश्चित योजना प्रस्तुत गर्नुको साटो श्रमिक दिवसलाई राजनीति गर्ने प्रयोगशालाको रूपमा उपयोग गर्दा श्रमिकको वास्तविक समस्याको समाधान हुनसकेको छैन। श्रम ऐन, ट्रेड युनियन ऐन, निजामती कर्मचारीको व्यवस्थापन गर्ने निजामती सेवा ऐन समयानुकूल रूपमा व्यवस्थित हुनसकेको छैन। मुलुकमा आम श्रमिकले उचित सम्मान पाइनसकेको अवस्था छ। राज्यको संविधानले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक श्रमिक वर्गको लागि पनि हो भन्ने कुरा चारैतिर स्थापित हुनु आवश्यक छ। मुलुकमा लामो संघर्ष र प्रयासपश्चात् प्राप्त भएको श्रमिक अधिकारको संरक्षण र संवर्द्धन हुनु आवश्यक छ। नांगो शरीर र भोको पेटले काम गरियो भने अपेक्षित नतिजा आउँदैन। श्रमिक खुसी भए मालिकको जय गर्छन् भन्ने तथ्यलाई सरकार र समाजले हेक्का राख्नुपर्छ र सबै पक्षको खुसीमै राष्ट्रको सर्वतोमुखी समृद्धि सम्भव छ।

ट्रेड युनियन अधिकारमाथि पटक-पटक आघात हुँदै आएको छ। ट्रेड युनियन अधिकारको पूर्णतः संस्थापना नहुँदै यो अधिकार खोसिने त्रास कायम छ। कुनै पनि शर्तमा ट्रेड युनियन अधिकार नखोसिने गरी यसको प्रत्याभूति हुनु जरूरी छ। यसका लागि निजामतीतर्फ नयाँ बन्दै गरेको निजामती सेवा ऐनहरूमै २०६३ को अन्तरिम संविधानको धारा ३०, निजामती सेवा ऐन, २०४९ को दफा ५३ तथा निजामती सेवा नियमावली, २०५० को नियम ११७ क ले प्रदान गरेको ट्रेड युनियन अधिकारको व्यवस्थालाई कायम राखिनु आवश्यक छ। निजामती कर्मचारीमा निहित हुने ट्रेड युनियन अधिकारले शासन व्यवस्थालाई चुनौती हुने होइन, अपितु सहायक नै हुने हो भन्ने मान्यता र विश्वास कायम हुनु आवश्यक छ। निजामती कर्मचारीले वि.सं. २००७, २०४६ तथा २०६२/६३ को आन्दोलनमा इमानदारीपूर्वक सघाएकै हो। २० वर्षसम्म जनप्रतिनिधिविहीन अवस्थामा रहेको स्थानीय निकायलाई निजामती कर्मचारीले कुशलतापूर्वक गतिशीलता दिएकै हो र पछिल्लो समय प्रधानन्यायाधीश खिलराज रेग्मीले तदर्थ रूपमा देशको कार्यकारी बागडोर सम्हाल्नुपर्दा निजामती कर्मचारीहरू मन्त्रिपरिषद्मा सदस्य रही मुलुकलाई सही गन्तव्यमा डोर्‍याएकै हो। इतिहासले यस कुराको मूल्यांकन अवश्य पनि गर्नेछ कि प्रधानन्यायाधीश नेतृत्वको निजामती कर्मचारी सम्मिलित सरकारले निर्वाचन सम्पन्न गराई गठन गराएको संविधानसभा (२) ले राष्ट्रलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान प्रदान गरी सदियौंदेखिको नेपाली जनताको राजनीतिक अभीष्ट पूरा गरेको छ। यी यावत् कुराहरूबाट के देखिन्छ भने मुलुकमा पटक-पटक संकट पर्दा बेहोर्नुपरेको परीक्षाको घडीमा नेपालका निजामती लगायत आम श्रमिक समुदायमाथि राष्ट्रले भर पर्न हुने विश्वास कायम राख्दै आएको छ र राष्ट्रलाई गुन पनि लगाएको छ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**वीरगन्ज महानगरपालिका**

पर्सा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मटिहानी नगरपालिका**

महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**बसबरीया गाउँपालिका**

सर्लाही, मधेश प्रदेश

# प्रभावकारी बन्दै लागूऔषध विरूद्ध लालटिन अभियान




काठमाडौं । जुम्लाका १८ वर्षीय किशोरलाई स्कुल जान पटक्कै मन लाग्ने थिएन । साथीहरूसँग बरालिएर लागूऔषध सेवन गरी घर फर्किंदा उनलाई हिनता बोध हुन थालेको थियो । परिवारका अगाडि निराश देखिन्थे । बोल्न र घुलमिल हुन मन पराउँदैनथे । पढाई पनि बिग्रदै गएको थियो । उनको यो अवस्था देखेर घर परिवार चिन्तित भए । उनीहरूको आग्रहमा किशोर लालटिन समूहको सम्पर्कमा आए । अहिले उनी खुसी छन् । घर र स्कुलमा रमाउन थालेका छन् । पढाई पनि राम्रो हुँदै गईरहेको छ ।

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले शुरू गरेको 'कर्णालीमा लागूऔषध विरूद्ध लालटिन अभियान' अन्तर्गत गठित लालटिन समन्वय डेस्कको सम्पर्कमा आएपछि ती किशोर लागूऔषध दुर्व्यसनबाट मुक्त भएका हुन् । अहिले उनी जस्ता धेरै युवाहरू अभियान अन्तर्गत संचालित कार्यक्रमहरूको प्रभावले दुर्व्यसन मुक्त भएका छन् । सो क्षेत्रमा लागूऔषधको अवैध कारोवार पनि घटेको छ ।

कर्णाली प्रदेश प्रहरी कार्यालयले सुरक्षित कर्णाली विशेष अभियान,२०८० अन्तर्गत लालटिन अभियान संचालन गरिरहेको छ । लागू पदार्थ उत्पादन, ओसार पसार, बिक्री वितरण र सेवन विरूद्ध प्रहरी परिचालन गरी कानूनी दायरामा ल्याउने लगायतका उद्देश्यले २०८० असोज २५ गतेदेखि अभियान संचालन गरेको हो । नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल भन्नुहुन्छ, "तत्कालिन अवस्थामा म आफै प्रदेश प्रहरी कार्यालय कर्णालीको प्रमुख थिएँ । लागूऔषध दुर्व्यसनमा फसेका युवाहरू जोगाउन र लागूऔषधको अवैध कारोवार नियन्त्रण गर्न अभियान संचालन गरिएको हो । अभियान कर्णालीका १० जिल्लामा एकैपटक शुरू गरिएको थियो । प्रहरीको सक्रियताले सबै जिल्लाका गाउँ गाउँसम्म अभियान पुग्न सफल भएको छ । अहिले १ वर्ष पछि आएर समीक्षा गर्दा लागूऔषध कारोवार र प्रयोग घट्दो अवस्थामा रहेको पाइएको छ । यस अभियानलाई अझै प्रभावकारी बनाउँदै लैजानु आवश्यक छ ।"

अभियान अन्तर्गत विभिन्न लालटिन समूह गठन गरी काम भइरहेको छ । शुरूदेखि हालसम्म ७ महिनाको अवधिमा जम्मा १ हजार २०० वटा लालटिन समूह गठन भएका छन् । तीमध्ये जिल्ला लालटिन समन्वय डेस्क ९ वटा, नगरपालिका स्तरीय लालटिन समूह २२ वटा, गाउँपालिका स्तरीय लालटिन समूह ४३ वटा, वडा स्तरीय लालटिन समूह ५४१ वटा, गाउँ/टोल लालटिन समूह २५६ वटा, कलेज लालटिन समूह १४ वटा र विद्यालय लालटिन समूह ३१५ वटा रहेका छन् ।

लागूऔषध दुर्व्यसनले प्रभाव पारेका क्षेत्र, समुदाय वा वर्ग पहिचान गरी अभियान संचालन गर्ने गरिएको छ । बढि प्रभाव परेका क्षेत्र र वर्ग लक्षित नियन्त्रणका उपायहरू अवलम्बन गरी सक्रिय रूपमा काम गर्ने गरिएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक बीर बहादुर ओली भन्नुहुन्छ, "अभियान अन्तर्गत जिल्लादेखि पालिका, वडा, वस्तीस्तर हुँदै स्कुल कलेजसम्म लालटिन समूह गठन गरी काम गरिएको छ । समुदायसँग मिलेर उनीहरूकै सुझाव कार्यान्वयन गर्दै काम गर्दा अभियान सफल हुँदै गएको छ ।"

चालु आर्थिक वर्षको ९ महिनाको अवधिमा कर्णाली प्रदेशमा १ सय २९ जना लागूऔषध कारोवारी पक्राउ परेका छन् । सो अवधिमा ८२ वटा मुद्दा दर्ता भएका छन् । यसैगरी आर्थिक वर्ष २०७९/०८० मा २ सय १५ जना पक्राउ परेका थिए । उक्त आर्थिक वर्षमा ११४ मुद्दा दर्ता भएका थिए । यसैगरी आर्थिक वर्ष २०७८/०७९ मा १ सय ७२ जना मानिस पक्राउ परेका थिए भने ९५ मुद्दा दर्ता भएका थिए । अभियान अन्तर्गत चालु आर्थिक वर्षमा २५ रोपनी जग्गामा लगाएको गाँजा खेती र ६ सय १८ रोपनी जग्गामा लगाएको अफिम खेती फडानी गरिएको छ । यसैगरी आर्थिक वर्ष २०७९/०८० मा ५ सय ३७ रोपनी जग्गामा लगाएको गाँजा खेती र ४ सय ७१ रोपनी जग्गामा लगाएको अफिम खेती नष्ट गरिएको थियो । यसैगरी आर्थिक वर्ष २०७८/०७९ मा ५ सय ८ रोपनी जग्गामा लगाएको गाँजा खेती र ५९ रोपनी जग्गामा लगाएको अफिम खेती नष्ट गरिएको थियो ।

अभियान अन्तर्गत विभिन्न लक्षित वर्गहरूको लागि निरन्तर रूपमा प्रभावकारी तवरले लागूऔषध विरूद्धको सचेतना अभिवृद्धि कार्यक्रमहरू संचालन गरिएको छ । यसबाट समाजमा विकरल रोगको रूपमा फैलिएको लागूऔषध दुर्व्यसनी रोक्न अभियान सफल भएको छ । शान्ति सुरक्षा र सुरक्षित कर्णाली कार्यक्रम गाउँ गाउँसम्म पुगेको छ । प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल भन्नुहुन्छ, "आम नागरिकहरूलाई सचेत बनाई सक्रिय सहभागिता गराउने अभियानको लक्ष्यले सार्थकता पाएको छ । लागूऔषध दुर्व्यसन र कारोवारको कारण सुक्ष्म रूपमा अध्ययन गरी त्यसको समाधन गर्न सहज भएको छ । यसबाट लागूऔषध सेवन, कारोवारबाट हुने अपराधलाई निरूत्साहित पार्न सहज भएको छ । यसले समाज र नागरिकहरूमा सुरक्षाको अनुभूति बढाएको महसुस भएको छ ।"

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने तथा सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगाके लक्षण हुन सक्छ । तसर्थ समयमै अस्पतालमा आइ स्वास्थ्य परीक्षण गराउनुहोस् ।

नेपाल सरकार, स्वास्थ्य मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

## जिल्ला समाचार

### दुई दशकदेखि अलपत्र खानेपानी आयोजनामा छिट्टै संचालनमा आउने

राजविराज । २३ बर्ष अघि सप्तरीको छिन्नमस्ता गाउँपालिका -३ सखडामा खानेपानी आयोजनाको काम थालिएको थियो । तर दुईदशक बितिसक्दा समेत उक्त आयोजना संचालनमा आउन सकेको छैन । उक्त आयोजनाको उपभोक्ता समिति र खानेपानी कार्यालयले यसलाई संचालनमा ल्याउन गम्भीरता नदेखाएपछि छिन्नमस्ता गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरी उक्त आयोजना शिघ्र संचालनमा ल्याउन सक्रिय देखिएका छन् । उक्त आयोजनालाई सुचारु गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको डेढ करोड रुपैयाँको लागतमा काम सुरु गरिएको अध्यक्ष चौधरीले जानकारी दिए । 'उपभोक्ता समिति तथा खानेपानी कार्यालयलाई पटकपटक ताकेता गरेपनि गम्भीरता नदेखाएपछि वैकल्पिक बाटो खोजें,' उनले भने, 'वैक्लपिक उर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरि साझेदारीमा काम सुरु गरिसकेका छौं, अब छिट्टै स्थानीयवासीले शुद्ध पानी पिउन सक्नेछन् ।' उनले प्रवर्द्धन केन्द्रको प्राविधिकसहितको निर्माण टोलीले फिल्डमा आएर डाटा संकलन, पाइपिङ लाइनिङ सहितको काम सुरु गरिसकेको बताए । '२३ बर्षदेखि खानेपानी आयोजना अलपत्र रहेकोले स्थानीयवासीहरूले शुद्ध खानेपानीको उपभोग गर्न सक्ने आशा गुमाइसकेका थिए,' उनले भने, 'यो खानेपानी आयोजना सुरु भएपछि यहाँका बासिन्दाहरूले शुद्ध खानेपानी खान सक्नेछन्, जसले उनीहरू स्वस्थ्य रहन्छन्, अशुद्ध पानी खाएर हुने गरेको बिरामीबाट जोग्छन् ।' यसको पहिलो चरणमा सखडाका व्यापारी, सरकारी कार्यालय, प्रहरी चौकी र सखडा टोलको स्थानीयवासीहरुको घरमा पानी पुर्‍याउने योजना रहेको अध्यक्ष चौधरीले जानकारी दिए । त्यसपछि गोविन्दपुर र महुआ टोलवासीसम्म समेत सेवा विस्तार गर्दै लगिने उनले जानकारी दिए ।

### बलान-बिहुलका जनप्रतिनिधि र कर्मचारीले आगलागीपीडितलाई एक दिनको तलब सहयोग गर्ने

सप्तरी । बलान-बिहुल गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीले एक दिनको तलबबराबरको रकम चिम्टीका आगलागीपीडितलाई सहयोग गर्ने भएका छन् । बलान-बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवले मानवीय संकटमा मलम लगाउन एक दिनको तलब दिने निर्णय गरेको बताए। यादवले चिम्टीका आगलागीपीडितका लागि जे-जति सकिन्छ, जस्तो सकिन्छ सहयोग गरेर पठाउन सप्तरीका क्रियाशील संघसंस्थाहरूसँग आग्रहसमेत गरेका छन्।
जनप्रतिनिधि र कर्मचारीहरू गरी झन्डै दुई सयभन्दा बढीको संख्यामा रहेका अध्यक्ष यादवले जानकारी दिए। यसअघि बुधबार छिन्नमस्ताका जनप्रतिनिधि र कर्मचारीले एक दिनको तलब दिने निर्णय गरेका थिए। मंगलबार दिउँसो त्यहाँ भएको भीषण आगलागीबाट ६२ भन्दा बढी परिवार घरविहीन भएका छन्।

### प्रतिबन्धित मदिरा गुलरियामा छ्याप्छ्याप्ति

कमल राज पौडेल देवकमल, बर्दिया । बर्दियाको गुलरियामा प्रतिबन्धित मदिरा (लोकल रक्सी) छ्याप्छ्याप्ति बिक्री वितरण भइरहेको छ । जिल्लाको सदरमुकाम गुलरियामा प्रहरी प्रशासनको लापर्वाहीले सो बिकृति मौलाएको हो । जिल्ला प्रहरी कार्यालयले गोप्य रूपमा घुमुवा प्रहरी परिचालन गरेपनि घुमुवाको मिलोमतोमा गुलरियामा देहव्यापार, अवैध मदिरा बिक्री वितरण लगायतका कारोबार बढ्दै गएको जनगुनासो बढिरहेको छ । जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय जस्ता नियमनकारी निकाय केही लोभलालचका कारण मुकदर्शक बनिरहँदा यस किसिमका बिकृतिले प्रोत्साहन पाएको स्रोतले बतायो । स्रोतका अनुसार गुलरियाको तुलापुर वरिपरिको क्षेत्रमा उपरोक्त बिकृति मौलाएको जनगुनासो बढ्दो छ । घुमुवा प्रहरीले काम देखाउने र कमिसन पाउने निहुँमा भारत नेपाल सीमाका किसान, सानातिना व्यापारीको मालसमान पक्राउ गरी भन्सार बुझाई कारवाही गर्ने तथा दु:ख दिने गरेपनि गुलरियामा नै घुमुवाको आडमा प्रहरी प्रशासन लगायतका उच्च दर्जामा रहेका कर्मचारीले विभिन्न लोभलालचमा गैरकानुनी कार्य गर्नेलाई संरक्षण गरिरहेका छन् ।

### ट्याक्टरले किचेर बालिकाको मृत्यु

बाँके । जिल्लाको खजुरा गाउँपालिकामा ट्याक्टरले किचेर एक ३ वर्षीया बालिकाको मृत्यु भएको छ । खजुरा गाउँपालिका-७ सिमलघारीस्थित सडकमा लु.४ त ४५७५ नम्बरको ट्याक्टरले किचेर सोही ठाउँ बस्ने धिरेन्द्र शाहीकी छोरी ३ वर्षीया हिमान्सी शाहीको सोमबार दिउँसो मृत्यु भएको हो । ट्याक्टरले किचेर गम्भीर घाइते भएकी उनको भेरी अस्पताल नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### आगलागीबाट २० लाखभन्दा बढीको क्षति

सप्तरी । जिल्लाको बलानविहुल गाउँपालिकामा आगलागी हुँदा २० लाख रुपैयाँभन्दा बढीको धनमाल नष्ट भएको छ । बलानविहुल गाउँपालिका-४ बेल्ही टोल बस्ने ७५ वर्षीय नन्दी पण्डितको मिल र गोठ घरमा विद्युत सर्ट भई सोमबार दिउँसो आगलागी भएको हो । आगलागीबाट अन्नपात, काठ, लत्ताकपडा, फर्निचरको सामान र धान कुट्ने मिल समेत जलेर करिब २० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ ।

### मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

सर्लाही । लालबन्दी नगरपालिका-४ स्थित सडकमा पुनर्वासबाट रंजितपुरतर्फ जाँदै गरेको मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । ज.११ प ७५४८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई बिहीबार राति दुर्घटना हुँदा चालक सोही नगरपालिका-३ जब्दी बस्ने ४५ वर्षीय राज कुमार चौधरीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको स्थानीय लालबन्दी मोडेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# भारतद्वारा चितवनमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण



काठमाडौं । 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु. ३.६७४ करोड आर्थिक सहयोगमा चितवनको खैरहनी नगरपालिकामा निर्माण गरिएको 'The Embankment and Launching Apron Dhungre Khola River Training Works' उद्घाटन गरिएको छ ।

परियोजनाको खैरहनी नगरपालिकाका मेयर शशी कुमार खनिया र भारतीय राजदूतावास, काठमाडौंका प्रथम सचिव अविनाश कुमार सिंहले संयुक्त रुपमा उद्घाटन गरेका हुन् । उक्त कार्यक्रममा जनप्रतिनिधि, सरकारी अधिकारी, परियोजना उपभोक्ता समितिका प्रतिनिधि र समाजसेवीको पनि उपस्थिति रहेको थियो ।

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग स्थानीय समुदायका मानिसहरुका लागि भनेर चितवनको खैरहनी नगरपालिकामा पर्ने ढुङ्ग्रे खोलामा तटबन्ध र खोलाको बहावलाई नियमन गर्न एवम् नियन्त्रणमा राख्न खोला किनारा वरपर बनाइने संरचनाको निर्माणमा उपयोग गरिएको थियो ।

भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको हो । यो परियोजना चितवनको खैरहनी नगरपालिकामार्फत कार्यान्वयन गरिएको हो । यो परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको एक महत्वपूर्ण दृष्टान्तको रुपमा रहेको छ ।

कार्यक्रममा बोल्दै खैरहनी नगरपालिकाका मेयर र परियोजना उपभोक्ता समितिका प्रतिनिधिले प्राथमिकताका क्षेत्रमा नेपाली जनताको उन्नतिका लागि भारत सरकारले पुर्याउदै आएको निरन्तर विकास सहयोगको प्रशंसा गरेका थिए ।

यो उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माणले खेतीयोग्य जमिनको कटान, वनफँडानी, अनियन्त्रित खोलाको बहाव, बाढीका कारण स्थानीयले बारम्बार आफ्नो थातथलो छोड्नुपर्ने बाध्यता रोकिनुका साथै नदीको गतिसँग सम्बन्धित जोखिम न्यूनीकरण गर्न र प्राकृतिक विपद्विरुद्ध जुझ्न, पूर्वतयारी गर्न र सहनशील बन्न मद्दत गर्नेछ ।

सन् २००३ यता भारत सरकारले नेपालका विभिन्न क्षेत्रमा ५५१ वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाएको छ र ४८९ वटा परियोजना सम्पन्न गरिसकेको छ । यसमध्ये बागमती प्रदेशका विभिन्न क्षेत्रमा १०६ वटा परियोजना रहेका छन् जसमा ९ वटा परियोजना चितवनमा छन् ।

यसका साथै भारत सरकारले स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई १००९ वटा एम्बुलेन्स र ३०० वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ जसमध्ये बागमती प्रदेशलाई २३६ वटा एम्बुलेन्स र ९९ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ । यसमा १७ वटा एम्बुलेन्स र ५ वटा स्कुल बस चितवन जिल्लालाई उपलब्ध गराइएको छ । नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि नेपालको प्राथमिकताको क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# मधेशी एकता समाज कतारद्वारा बृहत् सांस्कृतिक कार्यक्रम सम्पन्न

काठमाडौं । मधेशी एकता समाजको कतार शाखाले यस वर्षको नयाँ वर्ष, जुडशीतल तथा ईद पर्वको अवसरमा शुभकामना आदानप्रदान तथा बृहत् सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ ।

बैशाख १४ गते शुक्रबारको दिन समाजको कतार शाखाले दोहाको सनैयास्थित फुलवारी रेस्टुरेन्टको सभाहलमा भव्य कार्यक्रम आयोजना गरेको थियो ।

कतार शाखाका अध्यक्ष शिव कुमार महतोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादव प्रमुख अतिथिको रुपमा उपस्थित थिए भने समाजका संस्थापक डा. रवीन्द्र कुमार यादव र कतारस्थित नेपाली दूतावासका कार्यवाहक राजदूत कुमार राई विशिष्ट अतिथिको रुपमा सहभागी थिए ।

कार्यक्रममा एनआरएनएका पदाधिकारी तथा कतारस्थित विभिन्न नेपाली संघसंस्थाका प्रतिनिधिका साथै पत्रकार एवं बुद्धिजीविहरुको पनि बाक्लो उपस्थिति थियो ।

शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि एवं मधेश प्रदेशका अर्थमन्त्री यादवले नेपालको वर्तमान राजनीति र मधेशको पिछडिएको अवस्था एवं विकासका बारेमा आफ्नो धारणा राखेका थिए ।

नेपाली दूतावास कतारका कार्यवाहक राजदूत कुमार राईले रोजगारीको सिलसिलामा कतारमा रहेका लगभग साढे तिन लाख नेपालीमध्ये प्रदेशको हिसाबले मधेश प्रदेशबाट कतारमा सबैभन्दा धेरै नेपाली दाजुभाई रहेको बताए ।

मधेशका दाजुभाई नेपालबाट कतार आउँदा धेरै ठगिएको आफूले पाएको बताउँदै कार्यवाहक राजदूत राईले आगामी दिनमा ठगिनबाट जोगिन सबैलाई आग्रह गरे । आफू मध्यपहाडी भेगको भएपनि मधेशका दाजुभाईप्रति अत्यन्तै माया र सम्मान रहेको उनको भनाइ थियो ।

समाजका संस्थापक डा. यादवले मधेशका सबै जातजाति र समुदायलाई एकताबद्ध गर्नु, मधेशका भाषा र संस्कृतिको संरक्षण गर्नु एवं देश र मधेशको विकासमा योगदान दिनु मधेशी एकता समाजको मुख्य उद्देश्य रहेको बताए ।

यस्तै, मधेशको सामाजिक विकृति विसंगति उन्मूलनमा योगदान, मधेशीमा आत्मनिर्भरताको विकास र मधेशी परम्पराको संरक्षणलगायतका कार्यहरु पनि एकता समाजको लक्ष्य रहेको डा. यादवको भनाइ थियो ।

कार्यक्रममा सहभागी हुन कतारभरिबाट सयौंको संख्यामा मधेशी समुदायका व्यक्तिहरु दोहा पुगेका थिए । सो अवसरमा उनीहरुले एकअर्कालाई शुभकामना आदानप्रदान गरेका थिए ।

कार्यक्रममा तराई-मधेशका सांस्कृतिक गीत तथा नृत्यहरु प्रस्तुत गरिएका थिए । यस्तै अतिथिदेखि सहभागीहरुलाई तराई-मधेशको सांस्कृतिक खानाका परिकार पस्किएको थियो ।

नेपालको राष्ट्र गानबाट सुरु भएको कार्यक्रममा समाजको कतार शाखाका कोषाध्यक्ष गौतम शर्माले स्वागत मन्तव्य राखेका थिए ।

कतार शाखाका महासचिव चन्द्रवीर यादवले सञ्चालन गरेको कार्यक्रममा समापन मन्तव्य राख्दै कतार शाखाका अध्यक्ष महतोले निमन्त्रणा स्वीकार गरी कार्यक्रममा उपस्थित भएका सबैलाई नयाँ वर्ष, जुडशीतल र ईद उल फित्र पर्वको शुभकामना दिएका थिए ।





गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्,
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं